**गुराँस राजपत्र**

**गुराँस गाउँपालिकाद्वारा प्रकाशित**

**खण्डः १०** **संख्याः ५५** **मितिः २०८३/०६/०२**

**भागः २**

गुराँस गाउँपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्बसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ।

# प्रारम्भिक बालविकास शिक्षकका लागि प्रारम्भिक सिकाइ तथा विकास मापदण्ड (ELDS) आधारित तालिम सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८३

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी गुराँस गाउँपालिकाले प्रारम्भिक बालविकास शिक्षकका लागि प्रारम्भिक सिकाइ तथा विकास मापदण्ड (ELDS) आधारित तालिम सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८३ जारी गरेको छ।

## गुराँस गाउँपालिका

## प्रारम्भिक बालविकास शिक्षकका लागि प्रारम्भिक सिकाइ तथा विकास मापदण्ड (ELDS) आधारित तालिम सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८३

कार्यपालिकाबाट स्वीकृत मितिः २०८३/०५/२४
प्रमाणीकरण मितिः २०८३/०६/०२

**प्रस्तावना:**

गुराँस गाउँपालिका क्षेत्रभित्र सञ्चालित प्रारम्भिक बालविकास केन्द्र (ECED) हरूमा कार्यरत शिक्षक तथा सहजकर्ताहरूको पेसागत क्षमता अभिवृद्धि गर्न; बालबालिकाको उमेर अनुकूल शारीरिक, मानसिक, सामाजिक, संवेगात्मक र भाषिक विकासलाई वैज्ञानिक ढङ्गले प्रवर्द्धन गर्न; **प्रारम्भिक सिकाइ तथा विकास मापदण्ड (Early Learning and Development Standards - ELDS)** मा आधारित गुणस्तरीय, बालमैत्री र समावेशी तालिम सञ्चालन तथा व्यवस्थापन प्रक्रियालाई व्यवस्थित, पारदर्शी र प्रभावकारी बनाउन स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ (झ) ले दिएको अधिकार प्रयोग गरी गुराँस गाउँपालिकाले यो कार्यविधि बनाएको छ।

### परिच्छेद – १: प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ:**

(१) यस कार्यविधिको नाम **"गुराँस गाउँपालिका प्रारम्भिक बालविकास शिक्षकका लागि प्रारम्भिक सिकाइ तथा विकास मापदण्ड (ELDS) आधारित तालिम सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८३"** रहनेछ।

(२) यो कार्यविधि गुराँस राजपत्रमा प्रकाशन भएको मितिदेखि लागू हुनेछ।

**२. परिभाषा:**

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,—

(क) **"गाउँपालिका"** भन्नाले गुराँस गाउँपालिकालाई सम्झनु पर्छ।

(ख) **"कार्यपालिका"** भन्नाले गुराँस गाउँपालिकाको गाउँ कार्यपालिकालाई सम्झनु पर्छ।

(ग) **"ELDS"** भन्नाले प्रारम्भिक सिकाइ तथा विकास मापदण्ड (Early Learning and Development Standards) लाई सम्झनु पर्छ।

(घ) **"प्रारम्भिक बालविकास शिक्षक/सहजकर्ता"** भन्नाले गाउँपालिका भित्रका सामुदायिक विद्यालय तथा बालविकास केन्द्रमा कार्यरत सहजकर्तालाई सम्झनु पर्छ।

(ङ) **"समिति"** भन्नाले दफा ७ बमोजिम गठित ELDS तालिम व्यवस्थापन तथा समन्वय समिति सम्झनु पर्छ।

(च) **"प्रशिक्षक (Master Trainer)"** भन्नाले ELDS सम्बन्धी मुख्य प्रशिक्षक तालिम (TOT) प्राप्त वा स्वीकृत सूचीमा रहेका विज्ञ व्यक्तिलाई सम्झनु पर्छ।

(छ) **"शाखा"** भन्नाले गाउँपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखालाई सम्झनु पर्छ।

## परिच्छेद – २: उद्देश्य तथा तालिमको ढाँचा

### ३. कार्यक्रमको उद्देश्य:

यस कार्यविधिको मुख्य उद्देश्यहरू देहाय बमोजिम रहनेछन्:

(क) प्रारम्भिक बालविकास/पूर्वप्राथमिक तहका शिक्षकहरूले प्रारम्भिक बालविकास केन्द्र/पूर्वप्राथमिक तहका विभिन्न सक्षमताहरूको निरन्तरतामा प्रत्येक बालबालिकाको सिकाइ स्तर बुझ्ने र बालबालिकाको स्तरअनुसार सिकाइ अभ्यासहरूमा समायोजन गर्ने ।

(ख) बालबालिकाको उमेरगत सिकाइ मापदण्ड (ELDS) अनुसार सिकाइ वातावरण सिर्जना गर्न बालविकास शिक्षकहरूको ज्ञान र सीप अभिवृद्धि गर्ने।

(ग) स्थानीय स्तरमा उपलब्ध खेल तथा सिकाइ सामाग्रीको प्रयोग गरी बालकेन्द्रित र रुचिपूर्ण शिक्षण विधि लागू गराउने।

(घ) प्रारम्भिक बालविकास केन्द्रहरूको गुणस्तर सुधार गरी आधारभूत तहको शिक्षाको जग मजबुत बनाउने।

(ङ) बालबालिकाको निरन्तर मूल्याङ्कन, अभिलेख व्यवस्थापन र पोर्टफोलियो (Portfolio) तयार गर्ने क्षमता विकास गर्ने।

### ४. तालिमको ढाँचा र अवधि:

(१) ELDS आधारित तालिम देहाय बमोजिमका ढाँचामा सञ्चालन गरिनेछ:

- **आधारभूत ELDS तालिम:** न्यूनतम १० कार्यदिन (वा दुई चरणमा गरी ५-५ दिन) को आवासीय वा गैर-आवासीय तालिम।
- **पुनर्ताजगी (Refresher) तालिम:** ३ देखि ५ दिनको सघन अभ्यासमा आधारित तालिम।
- **विषयगत/विशेष क्षमता तालिम:** स्थानीय सामाग्री निर्माण, बाल मनोविज्ञान र समावेशी शिक्षा सम्बन्धी २ देखि ३ दिनको तालिम।

(२) एक तालिम समूह (Batch) मा सहभागीको सङ्ख्या सामान्यतया २० देखि २५ जनासम्म रहनेछ।

## परिच्छेद – ३: पाठ्यक्रम, विषयवस्तु र शिक्षण विधि

### ५. तालिमका मुख्य क्षेत्रहरू (ELDs Domains):

तालिमको पाठ्यक्रम राष्ट्रिय प्रारम्भिक सिकाइ तथा विकास मापदण्ड अनुसार देहायका ६ वटा मुख्य क्षेत्रहरूमा आधारित हुनेछ:

(क) **शारीरिक विकास र स्वास्थ्य:** स्थूल तथा सूक्ष्म मांसपेशीको विकास, सरसफाइ, र पोषण।

(ख) **सामाजिक तथा संवेगात्मक विकास:** भावनाको पहिचान, नियन्त्रण, साथीहरूसँगको सम्बन्ध र सहयोग।

(ग) **साक्षरता तथा सञ्चार (भाषिक विकास):** सुनाइ, बोलाइ, पढाइ र लेखाइको पूर्व-सीप (Pre-reading & Pre-writing) ।

(घ) **गणितीय अवधारणा तथा तर्क:** सङ्ख्या, आकार, मापन, ढाँचा (Pattern) र क्रमीकरण।

(ङ) **रचनात्मक तथा सौन्दर्यात्मक विकास:** चित्रकला, सङ्गीत, अभिनय, कथा कथन र सिर्जनात्मक खेल।

(च) **वातावरणीय तथा वैज्ञानिक सोच:** आफ्नो वरपरको वातावरण बुझ्ने र अन्वेषण गर्ने सीप।

### ६. शिक्षण तथा सहजीकरण विधि:

(१) तालिम मुख्यतया अभ्यासकेन्द्रित (Practical & Participatory) हुनेछ।

(२) सहजीकरण गर्दा समूह कार्य (Group Work), भूमिका निर्वाह (Role Play), नमूना कक्षा प्रदर्शन (Micro-teaching), सामाग्री निर्माण, र भिडियो प्रदर्शन जस्ता विधिहरू प्रयोग गरिनेछ।

## परिच्छेद – ४: संस्थागत संरचना तथा जिम्मेवारी

### ७. तालिम व्यवस्थापन तथा समन्वय समिति:

तालिमको नीतिगत निर्णय, योजना र प्रभावकारी सञ्चालनका लागि देहाय बमोजिमको समिति रहनेछ:

क) **संयोजक:** गाउँपालिका उपाध्यक्ष

ख) **सदस्य:** गाउँपालिकाका सामाजिक विकास समितिका संयोजक

ग) **सदस्य:** कार्यपालिकाले तोकेको १ जना विषयगत प्रअ (सामुदायिक विद्यालय)

घ) **सदस्य:** साझेदार संस्थाका प्रतिनिधि (यदि सहकार्यमा सञ्चालित भएमा)

ङ) **सदस्य-सचिव:** शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुख

**८. समितिको काम, कर्तव्य र अधिकार:**

(क) वार्षिक ELDS तालिम कार्ययोजना तथा बजेट स्वीकृत गर्ने।

(ख) तालिमका लागि आवश्यक प्रशिक्षक (TOT Holder) हरूको सूची (Roster) स्वीकृत गर्ने।

(ग) तालिमको अनुगमन, मूल्याङ्कन र गुणस्तर कायम गराउने।

(घ) तालिम पश्चात् बालविकास केन्द्रहरूमा परेको प्रभावको मूल्याङ्कन गर्ने।

**९. शिक्षा शाखाको जिम्मेवारी:**

(क) सहभागी शिक्षकहरूको नामावली संकलन, वर्गीकरण र छनोट गर्ने।

(ख) तालिम स्थल, जनशक्ति, र शैक्षिक सामाग्रीको व्यवस्थापन गर्ने।

(ग) तालिमको दैनिक सञ्चालन र अभिलेख व्यवस्थापन गर्ने।

(घ) तालिम सम्पन्न भएपछि कार्यपालिकामा समीक्षा प्रतिवेदन पेश गर्ने।

## परिच्छेद – ५: प्रशिक्षक तथा सहभागी छनोट मापदण्ड

**१०. प्रशिक्षक (Trainer) को योग्यता र छनोट:**

(१) ELDS तालिम सञ्चालनका लागि देहाय अनुसारका व्यक्तिहरूलाई प्रशिक्षकका रूपमा परिचालन गरिनेछ:

- नेपाल सरकार वा आधिकारिक निकायबाट ELDS सम्बन्धी मुख्य प्रशिक्षक (TOT) तालिम प्राप्त व्यक्ति।
- प्रारम्भिक बालविकास विषयमा कम्तीमा स्नातक तह उत्तीर्ण भई सम्बन्धित क्षेत्रमा अनुभव भएको विज्ञ।

(२) गाउँपालिकाले Roster तयार गरी योग्यता र अनुभवका आधारमा प्रशिक्षक छनोट गर्नेछ।

**११. सहभागीको छनोट र शर्तहरू:**

(१) गाउँपालिका भित्रका स्वीकृत बालविकास केन्द्र र सामुदायिक विद्यालयमा कार्यरत ECED शिक्षकहरू सहभागी हुन पाउनेछन्।

(२) नवप्रवेशी शिक्षकहरूलाई आधारभूत तालिममा र ३ वर्षभन्दा बढी अनुभव भएकालाई पुनर्ताजगी तालिममा प्राथमिकता दिइनेछ।

(३) तालिम अवधिभर १००% उपस्थिति अनिवार्य हुनुपर्नेछ। आकस्मिक कारणबाहेक अनुपस्थित हुने सहभागीलाई प्रमाणपत्र र भत्ता प्रदान गरिने छैन।

## परिच्छेद – ६: प्रारम्भिक सिकाइ तथा विकास प्रगति विवरण

**१२. बालबालिकाको स्तर मापन:** वर्षमा चार पटक यस प्रारम्भिक सिकाइ तथा विकास प्रगति विवरण ELDS Report Card  मा बालबालिकाको स्तर उल्लेख गर्नुपर्दछ। यो कार्य प्रत्येक तिन महिनामा भर्नु आवश्यक हुन्छ।

(क) बालबालिकाका अभिभावक/स्याहारकर्ताहरूलाई प्रत्येक त्रैमासिकमा आपसी समझदारीमा तय गरिएको दिनमा प्रारम्भिक सिकाइ तथा विकास प्रगति विवरण  सेयर र त्यस बारेमा छलफल गर्नु पर्दछ।

(ख) बालविकास केन्द्रको वार्षिक कार्यतालिका अनुसार प्रारम्भिक सिकाइ तथा विकास प्रगति विवरण ELDS Report Card  मा दिइएका र बालविकास केन्द्रमा प्रवेश गर्दाको अवस्थाका साथै पहिलो, दोस्रो र अन्तिम त्रैमासिकमा  अभिलिखित स्तरका आधारमा मापन गरिनु पर्दछ।

## परिच्छेद – ७: आर्थिक व्यवस्थापन तथा भत्ता मापदण्ड

**१३. बजेट स्रोत:**

(१) तालिम सञ्चालनका लागि आवश्यक बजेट गाउँपालिकाको वार्षिक स्वीकृत कार्यक्रम, सशर्त अनुदान वा साझेदार संस्थाको सहकार्यबाट व्यहोरिनेछ।

**१४. खर्चको मापदण्ड:**

(१) सहभागी र प्रशिक्षकहरूलाई गाउँपालिकाको कार्यसञ्चालन निर्देशिका अनुसार दैनिक भत्ता (DA), खाजा/खाना खर्च र यात्रा खर्च प्रदान गरिनेछ। सहभागीहरुलाई तालिम अवधिभर आवास सुबिधा गाउँपालिकाको तर्फबाट उपलब्ध गराइने छ।

(२) प्रशिक्षकको सहजीकरण शुल्क (Honorarium) कार्यसञ्चालन निर्देशकाले तोकेको मापदण्ड वा स्थानीय तहको प्रचलित नियम अनुसार हुनेछ।

(३) तालिम सामाग्री (Stationery, Practice Materials) र हल भाडा/व्यवस्थापन खर्च स्वीकृत बजेट सीमाभित्र रही गर्नु पर्नेछ।

## परिच्छेद – ८: अनुगमन, मूल्याङ्कन तथा तालिम पश्चात् सहयोग

**१५. तालिमकालीन र तालिम पश्चात्को अनुगमन:**

(१) तालिम सञ्चालन अवधिमा समिति र शिक्षा शाखाबाट नियमित अनुगमन गरिनेछ।

(२) तालिम पश्चात् शिक्षकले ELDS अनुसार कक्षाकोठामा सिकाइ लागू गरे/नगरेको हेर्न **तालिम पश्चात्को अनुगमन (Post-Training Follow-up - PTFU)** गरिनेछ।

(३) स्रोत शिक्षक, प्रअ वा शिक्षा शाखाका प्राविधिकहरूबाट वर्षको कम्तीमा दुई पटक स्थलगत मेन्टरिङ (Mentoring) र कोचिङ प्रदान गरिनेछ।

**१६. मूल्याङ्कन र प्रमाणीकरण:**

(१) सहभागीहरूको पूर्व-परीक्षण (Pre-test) र अन्तिम-परीक्षण (Post-test), कक्षा उपस्थिति, र कार्यसम्पादनका आधारमा मूल्याङ्कन गरिनेछ।

(२) तोकिएको मापदण्ड पूरा गर्ने सहभागीहरूलाई गाउँपालिकाको शिक्षा शाखाबाट स्वीकृत **ELDS तालिम प्रमाणीकरण प्रमाणपत्र** प्रदान गरिनेछ।

## परिच्छेद – ९: विविध

**१७. साझेदार संस्थासँगको सहकार्य:**

गाउँपालिकाले प्रारम्भिक बालविकासका क्षेत्रमा काम गर्ने गैरसरकारी संस्था, UNICEF, वा Seto Gurans NCDS जस्ता विशेषज्ञ संस्थाहरूसँग प्राविधिक र आर्थिक सहकार्य गर्न सक्नेछ।

**१८. बाधा अडकाउ फुकाउने:**

यस कार्यविधि कार्यान्वयन गर्दा कुनै द्विविधा वा प्राविधिक कठिनाइ उत्पन्न भएमा गाउँ कार्यपालिकाको निर्णय अन्तिम हुनेछ।

**१९. संशोधन:**

यस कार्यविधिमा कुनै नियम वा प्रावधान संशोधन गर्नुपरेमा गाउँ कार्यपालिकाको बहुमतबाट संशोधन गर्न सकिनेछ।

## अनुसूची – १:

## १० दिने ELDS आधारभूत तालिम तालिका (नमूना)

| दिन | मुख्य विषय वस्तु | सहजीकरण विधि |
|---|---|---|
| दिन १ | परिचय, ELDS को अवधारणा, बाल मस्तिष्क विकास | प्रस्तुतीकरण, भिडियो र छलफल |
| दिन २ | शारीरिक विकास र स्वास्थ्य (Fine & Gross Motor Skills) | प्रयोगात्मक अभ्यास र खेल |
| दिन ३ | सामाजिक र संवेगात्मक विकास | भूमिका निर्वाह (Role Play) र केस स्टडी |
| दिन ४ | भाषिक विकास र प्रारम्भिक साक्षरता (Pre-reading/Writing) | समूह कार्य र सामाग्री प्रदर्शन |
| दिन ५ | प्रारम्भिक गणितीय अवधारणा (Mathematical Concepts) | शैक्षिक सामाग्री प्रयोग र निर्माण |
| दिन ६ | रचनात्मक, सौन्दर्यात्मक विकास र संगीत/कला | चित्रकला, गित, र नाटक अभ्यास |
| दिन ७ | स्थानीय सामाग्रीबाट बालकेन्द्रित शैक्षिक सामाग्री निर्माण | कबाडबाट कञ्चन (No-cost/Low-cost) |
| दिन ८ | कक्षाकोठा व्यवस्थापन, बैठक क्षेत्र र ६ वटा कुना (Corners) | नमूना ढाँचा निर्माण |
| दिन ९ | बालबालिकाको निरन्तर मूल्याङ्कन (ELDS-based Assessment) | पोर्टफोलियो र चेकलिस्ट अभ्यास |
| दिन १० | नमूना कक्षा प्रदर्शन (Micro-teaching) र कार्ययोजना निर्माण | अभ्यास, समीक्षा र समापन |

आज्ञाले,

ओम प्रकाश देवकोटा

प्रमुख प्रशासकीय अधिकृत